# आप्रवासनबारे भ्रामक सूचनाको सामना कसरी गर्ने?

ROYAL HOLLOWAY UNIVERSITY OF LONDON

UNESCO Chair in ICT4D

- **सूचनाको प्रमाणीकरण**: सामाजिक सञ्जालमा पाइने सूचना विश्वास गर्नु वा आफूले केही कुरा शेयर गर्नु अघि  सधैँ राम्रोसँग सूचनाको जाँचबुझ गर्ने। सूचना विश्वसनीय छन् भनी सुनिश्चित गर्न भरपर्दो स्रोत खोज्ने र विभिन्न स्रोतका सूचना दाँज्ने। वैदेशिक रोजगार बोर्ड सम्बन्धी सूचनाका लागि मिडेकले तयार पारेको आप्रवासन सम्बन्धी एप्लिकेसनको प्रयोग गर्ने।
  - **सूचनाका स्रोत कस्ता हुन् भनी प्रश्न गर्ने**: सूचनाका स्रोतहरूको राम्रो जाँच गर्ने।  अज्ञात वा अप्रमाणित स्रोतहरूबाट प्राप्त सूचना भ्रामक हुन सक्छन् भनी सचेत रहने, र स्थापित र विश्वसनीय संस्थाहरूबाट प्राप्त सूचनालाई बढि प्राथमिकता दिने।
  - **आलोचनात्मक सोच राख्ने**: के अनलाइन सूचना भरपर्दो छ? के अनलाइन सामग्रीमा कुनै तार्किक असंगति वा पूर्वाग्रहहरू छन्? अनलाइन सूचना आफूलाई थाहा भएका  कुरासँग कसरी तुलना हुन्छ? जानकार व्यक्तिलाई सोध्ने,  अध्यागमन अधिकारीसँग सोध्ने।
  - **मिडिया सम्बन्धी साक्षरता**: मिडिया सामग्रीको आलोचनात्मक विश्लेषण गर्न सिक्ने। मिडिया संस्थाहरूले कसरी काम गर्छन्, उनीहरूको सम्भावित पूर्वाग्रह के होलान्, र उनीहरूले तथ्य-जाँच र सूचना प्रमाणित गर्ने प्रक्रिया बुझ्ने। सनसनीपूर्ण र "भिउज" बढाउनका लागि राखिएका सामग्री (क्लिकबेट) बाट सावधान रहने।
  - **डिजिटल नागरिकता**: जिम्मेवार अनलाइन व्यवहार अभ्यास गर्ने। आफूले शेयर गर्ने सामग्री र यसले पुर्याउन सक्ने प्रभावका बारे सचेत रहने।  गलत तथा भ्रामक सामग्रीको फैलावट रोक्न उपयुक्त प्लेटफर्म वा अधिकारीहरूलाई त्यस्ता जानकारी बारे रिपोर्ट गरिदिने।

स्रोतः युनेस्को मिडिया तथा सूचना सम्बन्धी साक्षरता



CC BY SA